नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग
हेभी ईक्विपमेन्ट डिभिजन
पोखरा, कास्की

# लिलाम सम्बन्धि सूचना

बोलपत्र सूचना नं. HED/PKR/ACTN/01/2080-081

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०२/१५)**

१) श्री सडक विभाग, हे.ई.डि. पोखरा कास्कीमा रहेका पुराना काम नलाग्ने पत्रु अवस्थामा रहेका निम्नानुसारका सामानहरु जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरूबाट उल्लेखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

| क्र.सं. | सामानको विवरण | परिमाण | न्युनतम मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | यान्त्रिक उपकरण | ५ थान | १९,८४,८४८।०३ (भ्याट बाहेक) | |
| २ | स्पेयर पार्टस | ६४८ थान | | |
| ३ | टायर | ७७ थान | | |
| ४ | ब्याट्री | ५७ थान | | |
| ५ | स्क्राप पार्ट्स | अन्दाजी ७००० के.जी. | | |

**शर्तहरु**

२) **बोलपत्र फारम पाउने ठाँउः** हेभी ईक्वीपमेन्ट डिभिजन, पोखरा, कास्की ।

३) बोलपत्र फारम बुझाउन चाहनेले बोलपत्र सम्बन्धि आवश्यक कागजातको अतिरिक्त वोलपत्र दस्तुर वापतको रकम राष्ट्रिय वाणिज्य बैंक, पृथ्विचोक, पोखरामा राजस्व संकेत नं. १४२२९(खाता नं.'क' ११११०१, कार्यालय कोड ३३७०१३९०२) मा जम्मा गरी सो सक्कल भौचर बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

४) **बोलपत्र खरिद मितिः-** २०८१/०३/०३ गते कार्यालय समय सम्म ।

५) **बोलपत्र फारम दस्तुरः-** रु. २०००/- (फिर्ता नहुने) ।

६) **बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मितिः-** २०८१/०३/०४ गते दिँउसो १२:०० बजे सम्म ।

७) **बोलपत्र खोलिने मिति र समयः-** २०८१/०३/०४ गते दिँउसो १४:०० बजे ।

८) **बोलपत्र पेश गर्ने ठाँउः-** श्री स. वि. हे. ई. डि. पोखरा, कास्की ।

९) **बोलपत्र खोलिने स्थानः**- श्री स. वि. हे. ई. डि. पोखरा, कास्की ।

१०) **धरौटी रकमः-** कबोल अंकको भ्याट सहितको १०% (दश प्रतिशत) ।

११) धरौटी जम्मा गर्ने खाता नं. र बैंकको नाम, ठेगाना - को.ल.नि.का., कास्कीको नाममा रहेको धरौटी खाता नं.:३०२०१००१०२०३००००, राष्ट्रिय वाणिज्य बैंक, पृथ्विचोक, पोखरा, कास्की ।

१२) **कार्यालय कोडः** ३३७०१३९०२

**१३) बोलपत्र खरीद गर्न पेश गर्नु पर्ने कागजातः-**

क) फर्म/संस्था भए इजाजतपत्र को प्रमाणित प्रतिलिपि (नविकरण गरिएको) ।
ख) कर भुक्तान पत्रको प्रमाणित प्रतिलिपि (आ.व. २०७९/२०८० सम्मको) ।
ग) व्यक्ति भए नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

१४) बोलपत्रमा बोल कबोल गरेको कुल जम्मा रकममा नियम अनुसार १३% मूल्य अभिबृद्धि कर (VAT) लाग्ने छ ।

१५) बोलपत्र दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सम्पूर्ण काम कारवाही त्यसको लगतै भोलिपल्ट कार्यालय खुलेको दिन सूचनामा उल्लेख भए बमोजिम हुनेछ ।

१६) बोलपत्र फाराम सिलबन्दी नभएको, बोलपत्र दिनेको सही छाप नभएको, म्याद भित्र दाखिला नभएको, तोकिएको ठाउँमा खरिद कर्ताको सहिछाप नभएको तथा तोकिएको धरौटी रकम जम्मा नभएको वा अन्य कुनै कारणबाट रीत नपुगेको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

१७) माथि उल्लेखित लिलाम हुने यान्त्रिक उपकरणहरुको ब्लुबुक र रजिष्ट्रेशन नम्बर अनुसार यातायात व्यवस्था कार्यालयबाट दर्ता नामसारी हुने छैन ।

१८) अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि यस सूचना बमोजिमका शर्तहरु तथा बोलपत्र पुस्तिका भित्र उल्लेखित बुँदाहरुनै आधिकारिक हुने छ ।

१९) बोलपत्र स्वीकृत वा रद्द गर्ने सम्पुर्ण अधिकार यस डिभिजनमा निहीत हुने छ ।

२०) यस सम्बन्धी अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुने छ ।